DOI: https://doi.org/10.3126/cognition.v8i1.89774

# 'झरनाको चिसो पानी' गीतको अन्तर्वस्तु

**विष्णु ज्ञवाली**[१]

***लेखसार***

*प्रस्तुत लेखमा जीवन शर्माले रचना गरेको 'झरनाको चिसो पानी' गीतको अन्तर्वस्तुको विश्लेषण गरिएको छ । जीवन शर्मा रक्तिम सांस्कृतिक अभियानसँग गाँसिएका गीतकार, सङ्गीतकार र गायक समेत हुन् । उनले रचना गरेका चर्चित गीतहरूमध्ये 'झरनाको चिसो पानी' पनि एक हो । उक्त गीतमा रचनाकारले केकस्तो अन्तर्वस्तुलाई समाविष्ट गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने काम यस लेखमा भएको छ । रचनामा प्रस्तुत भएको विषय, वस्तुगत यथार्थका साथसाथै रचनाकारको वैचारिकी समेतको योग नै अन्तर्वस्तु हो । प्रगतिवादले साहित्यमा रूप र अन्तर्वस्तुको एकत्वमा जोड दिन्छ र अन्तर्वस्तुले नै रूपको निर्धारण गर्ने बताउँछ । प्रस्तुत लेखमा आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट गरिएको छ र सामग्रीको विश्लेषण गर्दा अन्तर्वस्तुका सङ्घटकका रूपमा रहेका विषय, वस्तुगत यथार्थ र विचारपक्षलाई आधार बनाइएको छ । उक्त विश्लेषणबाट प्रस्तुत लेखमा 'झरनाको चिसो पानी' गीतले श्रमजीवी वर्गको कष्टपूर्ण जिन्दगी र वर्गसङ्घर्षको स्थितिलाई विषयका रूपमा चयन गरी ढल्दै गरेको सामन्तवादी समाजको यथार्थ चित्रण गरेको अनि शोषितपीडित वर्गका पक्षमा उभिँदै निरन्तरको क्रान्तिबाट मात्रै वर्गविहीन समाजको निर्माण हुने प्रगतिवादी विचार प्रवाह गरेको निष्कर्ष निकालिएको छ । साहित्यको वास्तविक शक्ति त्यसको रूपमा नभई अन्तर्वस्तुमा रहने भएकाले अनि जनवादी गीतसङ्गीतका क्षेत्रमा चर्चित रहेको 'झरनाको चिसो पानी' गीतको अन्तर्वस्तुको वस्तुनिष्ठ विश्लेषण गरिएकाले यो लेख प्राज्ञिक महत्त्वले युक्त बन्न पुगेको छ ।*

**शब्दकुञ्जी** : उत्पादन सम्बन्ध, उत्पादक शक्ति, वर्गीय विभेद, वर्गसङ्घर्ष, सामन्त ।

## विषयपरिचय

'झरनाको चिसो पानी' गीत रक्तिमका गीतहरू (२०५७) मा सङ्कलित छ। जनवादी सांस्कृतिक अभियानका रूपमा २०४३ सालमा स्थापित रक्तिम परिवारले प्रकाशित गरेको चौथो गीतिक्यासेटमा पनि यो गीत रहेको छ। जीवन शर्माद्वारा रचित यो गीत भारी खेप्ने खेतालाहरूको कष्टपूर्ण जीवनलाई प्रस्तुत गर्दै उनीहरूको मुक्तिका पक्षमा दृढतापूर्वक उभिएको छ। जीवन शर्मा प्रगतिवादी गीतिक्षेत्रमा स्थापित छन् । उनले रक्तिम सांस्कृतिक अभियानमा रहेर थुप्रै जनपक्षीय गीतहरूको रचना मात्र गरेका छैनन्, ती गीतहरूमा सङ्गीत भर्ने र गाउने काम पनि गरेका छन् । यो शोधलेख तिनै जीवन शर्माको 'झरनाको चिसो पानी' गीतको अन्तर्वस्तुको विश्लेषण गर्ने कार्यसँग सम्बन्धित छ।

१. उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय, Email: bishnu.gyawali@pmc.tu.edu.np
https://orcid.org/0009-0006-1076-572X

*Received on Nov. 26, 2025* *Accepted on Dec. 2, 2025* *Published on Jan. 28, 2026*

कुनै साहित्यिक रचना पढेर वा सुनेर पाठक वा दर्शकले जे कुरा बुझ्छन् वा जे सन्देश ग्रहण गर्छन्, त्यही नै उक्त साहित्यिक रचनाको अन्तर्वस्तु हो । अन्तर्वस्तु भनेको रचनाकारले सम्प्रेषण गर्न खोजेको विषय हो जसमा जीवनयथार्थको अभिव्यक्तिका साथसाथै लेखकीय विचार एवं सौन्दर्यचेत पनि एकीकृत बनेको हुन्छ। त्यसैले रचनाको वास्तविक शक्ति नै त्यसको अन्तर्वस्तुमा रहेको हुन्छ। रचनामा प्रतिबिम्बित भएको जीवन र त्यसलाई हेर्ने रचनाकारको दृष्टिकोणको मूल्याङ्कनबाट अन्तर्वस्तुको विश्लेषण गर्न सकिन्छ। यस शोधलेखमा जीवन शर्माले रचना गरेको 'झरनाको चिसो पानी' गीतमा केकस्तो अन्तर्वस्तु रहेको छ भन्ने प्राज्ञिक जिज्ञासालाई समाधान गर्न गीतको विषय, गीतमा प्रतिबिम्बित वस्तुगत यथार्थ र विचार पक्षको वस्तुनिष्ठ विवेचना गरिएको छ। यस क्रममा प्रगतिवादका अन्तर्वस्तुसम्बन्धी मान्यतालाई नै गीत विश्लेषणको मुख्य आधार बनाइएको छ।

## समस्याकथन

रक्तिमका गीतहरूले प्रगतिवादी नेपाली गीतसङ्गीतका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन्। 'झरनाको चिसो पानी' गीत रक्तिमका लोकप्रिय गीतहरूमध्येको एउटा गीत हो। यही गीतको अन्तर्वस्तु केकस्तो छ भन्ने समस्या नै यस शोधलेखको मुख्य समस्या हो। यो प्राज्ञिक समस्याको समाधान पूर्वकार्यहरूबाट भएको छैन। यस गीतको रचनागर्भसँग सम्बन्धित रचनाकारका भनाइलाई सङ्गीतश्रोता (२०६४) ले प्रस्तुत गरेका छन् भने गीतमा अभिव्यक्त समाज देखाउनका लागि सुवेदी (२०६५) र ज्ञवाली (२०६९) ले आफ्नो शोधकार्यमा यस गीतका केही पङ्क्तिहरू उद्धृत मात्र गरेका छन्। यीबाहेक यस गीतमा नै केन्द्रित भएर व्यवस्थित ढङ्गले कुनै अध्ययन गरिएको देखिँदैन। अध्ययनको यही रिक्ततालाई परिपूर्ति गर्नका लागि यस शोधलेखमा अन्तर्वस्तुको पहिचानलाई मुख्य समस्या बनाइएको छ र मुख्य समस्याको समाधानका लागि प्रगतिवादी मान्यताका आधारमा विश्लेष्य गीतको विषय के हो, त्यसभित्र वस्तुगत यथार्थ केकसरी प्रतिबिम्बित भएको छ र गीतबाट केकस्तो विचार प्रकट भएको छ भन्ने प्रश्नहरूको उत्तर खोजिएको छ।

## शोधविधि

जीवन शर्माद्वारा रचित 'झरनाको चिसो पानी' गीत नै यस शोधलेखको विश्लेष्य सामग्री हो। यस शोधलेखमा उक्त सामग्रीको विश्लेषण अन्तर्वस्तुका कोणबाट गरिएको छ। त्यसैले अन्तर्वस्तुको सैद्धान्तिक मानदण्ड प्रस्तुत भएका मार्क्सवादी सौन्दर्यशास्त्रसँग सम्बन्धित सामग्रीहरू पनि यस शोधलेखका लागि आवश्यक हुन्छन्। यसका साथै विश्लेषणका क्रममा गरिने खण्डनमण्डनका सन्दर्भमा विश्लेष्य गीतका बारेमा गरिएका समीक्षाहरू पनि उपयोगी बन्न पुग्छन्। यस शोधलेखका लागि आवश्यक ती सबै सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट गरिएको छ।

यस शोधलेखमा 'झरनाको चिसो पानी' गीतको अध्ययन गर्नका लागि अन्तर्वस्तुलाई सैद्धान्तिक पर्याधारका रूपमा लिइएको छ। सामान्यतः साहित्य कलाद्वारा जे सम्प्रेषित गरिन्छ त्यसलाई अन्तर्वस्तु र जसरी सम्प्रेषित गरिन्छ त्यसलाई रूप भनिएको छ (चापागाईं, २०६४, पृ. ५९)। साहित्यमा रूप र अन्तर्वस्तुको एकत्व हुन्छ तर पनि कृतिको वास्तविक शक्ति रूपमा होइन अन्तर्वस्तुमा रहेको हुन्छ। रचनाकारले चयन गरेको विषय, कलात्मक रूपमा प्रतिबिम्बित गरेको यथार्थबाट रचनामा अन्तर्वस्तुको निर्माण हुन्छ। साहित्यमा जुन

सामग्री प्रस्तुत गरिएको हुन्छ त्यसलाई विषय भनिन्छ। त्यस विषयको सही व्यवस्थापन वस्तुगत यथार्थको प्रतिबिम्बनबाट मात्र सम्भव हुन्छ। यस क्रममा रचनाकारले आफ्नो विचारलाई मिसाउँछ। त्यसैले साहित्यको अन्तर्वस्तुको पहिलो पक्ष वस्तुगत यथार्थ अर्थात् प्रतिबिम्बन गरिने जीवन हो र त्यो कलाकारको सौन्दर्यात्मक दृष्टिकोणअनुसार प्रस्तुत गरिएको हुन्छ (ढकाल, २०८०, पृ. १३३)। यसरी अन्तर्वस्तुभित्र विषयक्षेत्र र जीवनको यथार्थ मात्र होइन, रचनाकारको विचारधारा र सौन्दर्यदृष्टि पनि मिसिएर आएको हुन्छ। यसैकारण फरक फरक लेखकले एउटै घटना वा परिस्थितिको चित्रण गरे पनि त्यसको अन्तर्वस्तु फरक बन्न पुग्छ।

अन्तर्वस्तुलाई विभिन्न अवयवमा छुट्याउन सकिन्छ। यसलाई चापागाईँ (२०६४) ले रचनाकारलाई रचनाको सिर्जनाका निम्ति उत्प्रेरित गर्ने विचार, रचनामा समावेश गरिएको विषय र चित्रित सङ्घटनाको भावनात्मक र सौन्दर्यात्मक मूल्य गरी तिन तरिकाले छुट्याएका छन् भने गौतम (२०४९) ले केन्द्रीय विचार, बाहिरी सामग्री तथा तिनको सौन्दर्यात्मक मूल्याङ्कन आदिको जैविक समग्रतालाई अन्तर्वस्तुका रूपमा हेरेका छन्। ढकाल (२०८०) का अनुसार अन्तर्वस्तुमा भाव, विषय र मूल्याङ्कन जैविक सम्बन्धले बाँधिएका हुन्छन्। यस आधारमा हेर्दा अन्तर्वस्तुभित्र विषय, चित्रित सङ्घटना अथवा वस्तुगत यथार्थ र लेखकीय विचार संश्लेषित बनेको हुन्छ भन्ने देखिन्छ।

प्रगतिवाद भनेको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादका आधारमा जीवनलाई हेर्ने दृष्टिकोण हो। यही दृष्टिकोणका आधारमा रचना गरिएको साहित्य नै प्रगतिवादी साहित्य हो। त्यसैले प्रगतिवादी साहित्यमा समाजमा रहेको शोषण, अन्याय, अत्याचार, दमनलाई विषयीकरण गरिएको हुन्छ। समाजमा चलिरहेको वर्गसङ्घर्षलाई देखाउँदै त्यसमा श्रमजीवी वर्गका पक्षमा उपयुक्त वैचारिकी प्रस्तुत गर्ने यस्तो साहित्यले गरेको हुन्छ। साहित्यले विशेषतः सामन्तवादी, पुँजीवादी समाजका कुरूपताहरूको चित्रण गर्दै शोषितपीडित वर्गलाई समतामूलक समाजका निम्ति सङ्घर्षशील बन्ने उत्प्रेरणा दिनुपर्छ भन्ने मान्यता प्रगतिवादको रहेको छ। यसले साहित्यलाई यथार्थ र चेतनाको सम्बन्ध बोध गराउने साधनका अतिरिक्त सामाजिक चेतनाको निर्माण र सामाजिक जीवनको परिवर्तनको माध्यम पनि मान्छ (चापागाईँ, २०६४, पृ. १४५)। समग्रमा प्रगतिवादले अन्तर्वस्तुलाई विषयवस्तुका माध्यमबाट यथार्थ जगत्बाट सङ्ग्रह गरिएर चित्रित गरिएको सामग्री एवं रचनाकारका माध्यमबाट उक्त यथार्थको विचारधारात्मक तथा सौन्दर्यात्मक व्याख्याका रूपमा हेर्छ।

यस शोधलेखमा सामग्रीहरूको विश्लेषण गर्दा सिद्धान्तका अपेक्षाअनुरूप पाठगत तथ्यहरूको अध्ययन गरिएको छ अनि पाठगत साक्ष्यहरूका आधारमा सिद्धान्तलाई पुनर्प'ष्टि पनि गरिएको छ। यसका साथै यस लेखमा नेपाली अर्थराजनीतिक परिवेशका सापेक्षतामा गीतिआशयको पहिचान गरी विषयवस्तु, समाजको वस्तुगत यथार्थ र विचारपक्षका कोणबाट अन्तर्वस्तुको पहिचान गरिएको छ। यसरी आगमनात्मक र निगमनात्मक दोहोरै तर्कपद्धतिका आधारमा गरिएको यो अध्ययन गुणात्मक प्रकृतिको हुनाका साथै यसको विश्लेषण विधि व्याख्यात्मक र विश्लेषणात्मक ढाँचाको रहेको छ।

**'झरनाको चिसो पानी' गीत**

'झरनाको चिसो पानी' गीत रक्तिम सांस्कृतिक अभियानले प्रकाशित गरेको गीतिक्यासेट 'फेरि पनि हुकुमी शासन चल्दै छ' जनगीतियात्रा भाग ४ मा रहेको दोस्रो गीत हो। त्यसै अभियानसँग सम्बन्धित भाग

१ देखि ११ सम्मका गीतिक्यासेटमा रहेका गीतहरूलाई सङ्कलन गरी रक्तिमका गीतहरू (२०५७) शीर्षकको गीतसङ्ग्रह पनि प्रकाशित भएको छ। प्रस्तुत शोधलेखको विश्लेष्य सामग्रीका रूपमा रहेको उक्त गीत यसप्रकार छ :

सुकेर जाँदैन रोकेर रोकिँदैन
सुकेर जाँदैन रोकेर रोकिँदैन
भारी खेप्ने खेतालाको यही हो जिन्दगानी
झरनाको चिसो पानी

वारि छ माइला दाइ पुछ्दै पसिना
पारि छन् माइली भाउजू खेद्दै मसिना
सानै छ भुन्टे तर पिठ्युँमाथि भारी
डरै डरले तपै तपले हिँड्छ कठै बरी
झरनाको चिसो पानी

भारी छ गरुङ्गो उकालीमा झन्
जिउ गल्छ तिघ्रा काँप्छ रुन्छ बालो मन
घाँटी सुक्यो गर्धन दुख्यो कति टाढा जाने
अलि पर बिसाएर पिउँछन् चिसो पानी
झरनाको चिसो पानी

पोहोर साल लडाइँ चल्यो सामन्तलाई मास्न
के गऱ्यो नेता मिली भएन हामीलाई बस्न
संसारमै गरिबको छैन राज्य भन्छ
तर पनि यो देशमा ल्याउन हामीलाई मन छ
झरनाको चिसो पानी

(शर्मा, २०५७, पृ.३५)

**‘झरनाको चिसो पानी’ गीतको विषय**

श्रमजीवी वर्गको कष्टपूर्ण स्थिति नै ‘झरनाको चिसो पानी’ गीतको केन्द्रीय विषय हो। “वर्गसचेत लेखक श्रमजीवी तथा उत्पीडित जनताका पीडा, समस्या र आकाङ्क्षाबाट विमुख हुन सक्दैन” (ढकाल, २०८०, पृ. ३३२)। यस गीतमा पनि लेखकले नेपालको पहाडी क्षेत्रमा भारी बोकेर जीविकोपार्जन गर्ने खेतालाहरूको

कठोर श्रम र पीडायुक्त अवस्थालाई देखाइका छन् । यस्ता खेतालाहरूको प्रतिनिधि चरित्रका रूपमा गीतमा भुन्टे र उसकै परिवारका सदस्यहरू आएका छन् । माइला दाइ र माइली भाउजूको स्थितिलाई सङ्केत गर्दै रचनाकारले गीतलाई विशेषतः बालक भुन्टेको अवस्थातिर केन्द्रित गरेका छन् । कथयिताले गीतिकथनको अभिव्यक्ति दिँदाका सन्दर्भमा भुन्टेका बा अर्थात् माइला दाइ पसिना पुछ्दै वारि आइपुगेका छन् भने माइली भाउजू भुन्टेसहित अन्य मसिना भुराहरूलाई खेद्दै पारि आउँदै छिन् । बालक भुन्टे चाहिँ पिठ्युँमाथि भारी चढाएर डरैडरले थर्थरी काँप्दै रुँदैरुँदै आमाका अघिअघि हिँडिरहेको छ । यसरी अर्काको भारी बोकेर उकालो बाटो हिँडिरहेको सर्वहारा वर्गको पीडामय अवस्थालाई यस गीतले आफ्नो मुख्य विषय बनाएको देखिन्छ ।

'झरनाको चिसो पानी' गीतमा श्रमजीवी वर्ग र सामन्त वर्गका बिचको सङ्घर्ष पनि विषयका रूपमा आएको छ । यो सङ्घर्ष विगतमा उत्कर्षको नजिक नजिक पुगेको भए पनि वर्तमानमा सुषुप्त बनेको देखिन्छ । गीतमा बताइए अनुसार पोहोर साल त्यो द्वन्द्व सामन्तलाई मास्ने हदसम्म पुगेको थियो तर नेतृत्वले धोका दिएका कारण त्यसले अपेक्षित उपलब्धि हासिल गर्न सकेन । "संसारमै गरिबको छैन राज्य भन्छ" भन्ने पङ्क्तिबाट संसारभर नै धनीमानीहरूको शासनसत्ता छ र वर्गीय विभेद कायम छ भन्ने देखिन जान्छ । यसबाट यस देशमा जस्तै संसारभर नै गरिबहरूले सत्ताप्राप्तिका लागि सङ्घर्ष गरिरहेका छन् भन्ने पनि बोध हुन्छ । यसरी गीतमा वर्गीय विभेद रहँदासम्म वर्गसङ्घर्ष निरन्तर रूपमा चलिरहने सत्यलाई पनि विषयीकरण गरिएको छ ।

'झरनाको चिसो पानी' गीतमा जेजति विषय आएका छन् ती सबै "झरनाको चिसो पानी" भन्ने पदावलीभित्र संश्लेषित भएका छन् । अभिधा अर्थमा हेर्दा झरनाको पानी कठोर श्रम गरेर जिन्दगी बिताउन बाध्य बनेका गरिबदुःखी खेतालाहरूको पीडामा राहत दिने प्राकृतिक सेवकका रूपमा रहेको देखिन्छ । यो त्यस्तो प्रकृतिप्रदत्त अधिकार हो जसलाई समाजको पिँधमा परेको वर्गले पनि उपभोग गरिरहेको छ तर व्यञ्जनाका तहमा हेर्दा झरनाको चिसो पानीले गीतिविषय अनुरूप दुई भिन्न भिन्न अर्थलाई संश्लेषित गरेको देख्न सकिन्छ । "सुकेर जाँदैन रोकेर रोकिँदैन/भारी खेप्ने खेतालाको यही हो जिन्दगानी/झरनाको चिसो पानी" भन्ने पङ्क्तिहरूलाई आधार मानेर गीतको विषयलाई हेर्दा सर्वहारा वर्गको दुःख नै झरनाको पानी हो भन्ने स्पष्ट हुन्छ । त्यो दुःख सामन्ती व्यवस्था रहुन्जेलसम्म सुकेर पनि जाँदैन, रोकेर पनि रोकिँदैन । त्यसैले झरनामा बग्ने पानीको निरन्तरताजस्तै भारी खेप्ने खेतालाको जिन्दगानी पनि दुःखको निरन्तरतामा चलिरहेको छ । यसै गरी गीतको विषय बनेर आएको वर्गसङ्घर्षका सापेक्षतामा झरनाको पानीलाई हेर्ने हो भने वर्गसङ्घर्ष नै झरनाको पानी हो भन्ने देखिन जान्छ । त्यो वर्गसङ्घर्ष समाजमा वर्गीय विभेद रहुन्जेलसम्म सुकेर जाँदैन अनि रोकेर पनि रोकिँदैन । त्यसैले वर्गविहीन समाज निर्माण नभएसम्म झरनाको पानी जस्तै नित्यनिरन्तर मुक्तिका लागि सङ्घर्ष गर्नु नै भारी खेप्ने खेतालाको जिन्दगानी हुन पुग्छ । स्थायीका रूपमा दोहोरिइरहने "झरनाको चिसो पानी" पदावलीभित्र एकीकृत बनेका यी फरक फरक अर्थले यस गीतको विषय प्रगतिवादी साहित्यिक मान्यताका अपेक्षा अनुकूलको बन्न पुगेको छ ।

**'झरनाको चिसो पानी' गीतमा वस्तुगत यथार्थ**

'झरनाको चिसो पानी' गीतमा नेपालको पहाडी क्षेत्रको ग्रामीण समाजको चित्रण गरिएको छ । यस गीतले समाजको वास्तविक तस्बिर खिचेको छ र गाउँघरमा भारी खेप्ने खेतालाहरू आफ्ना ससाना बालबच्चालाई लिएर कसरी काम गर्न बाध्य छन् भन्ने देखाएको छ (सुवेदी, २०६५, पृ.३७) । गीतमा भारी खेप्ने खेतालाहरूको

कहालीलाग्दो अवस्थालाई देखाइएकाले त्यहाँ भारी खेप्न लगाउने धनीमानीहरू पनि छन् भन्ने कुरा स्वतः प्रस्ट हुन्छ। यस समाजमा भारी खेप्ने खेतालाहरू अर्थात् सर्वहारा वर्गले कठोर श्रम गरिरहन्छन् तर त्यसको उचित मूल्य पाएका छैनन्। तिनीहरू आफ्ना आधारभूत आवश्यकताको परिपूर्तिका लागि बालबच्चासमेत सँगै लिएर सकिनसकी भारी बोक्न विवश छन्। उनीहरूको भोक, प्यास, थकान र पीडा मेटाउने आधार भनेको उकालो बाटोमा रहेको झरनाको पानी मात्र देखिन्छ।

'झरनाको चिसो पानी' गीतमा गह्रौँ भारी बोकेर उकालो बाटो हिँडिरहेका भरियाहरूको यथार्थ चित्र प्रतिबिम्बित भएको छ। ०४३/४४ सालतिर बागलुङको कुस्मिसेराबाट बलेवातिर जाँदा देखेको दृश्यबाट प्रभावित भएर यो गीत रचना गरिएको भन्ने जीवन शर्माको कथन (सङ्गीतश्रोता, २०५७, पृ.१०) बाट पनि यो गीत समाजको वस्तुगत यथार्थसँग निकै निकट छ भन्ने पुष्टि हुन्छ। गीतमा पिठ्युँमाथि भारी बोकेका माइला दाइ वारि आइपुगेर पसिना पुछ्दै छन् भने माइली भाउजू पारितिर मसिना भुराहरूलाई खेद्दै आउँदै छिन्। बाल वयमै भारी बोक्न बाध्य पारिएको भुन्टे डरैडरले दयालाग्दो ढङ्गले आमाका अघिअघि सकिनसकी हिँडिरहेको छ। समथर वा ओरालो बाटोमा भन्दा उकालो बाटोमा भारी बोक्न स्वभावतः कठिन हुन्छ अनि त्यसमाथि पनि भारी गह्रौँ भएपछि यो काम झन् कष्टकर बन्छ। गीतमा त्यस अवस्थाको चित्र यसरी प्रस्तुत गरिएको छ :

> भारी छ गरुङ्गो उकालीमा झन्
>
> जिउ गल्छ तिघ्रा काँप्छ, रुन्छ बालो मन
>
> घाँटी सुक्यो, गर्धन दुख्यो कति टाढा जाने
>
> अलिपर बिसाएर पिउँछन् चिसो पानी

दोस्रो अन्तराका रूपमा रहेको यस गीतिअभिव्यक्तिमा भारी खेप्ने भरियाको शारीरिक र मानसिक अवस्थालाई देखाइएको छ। तौल अधिक भएको भारी बोकेर उकालो बाटो हिँड्दा भरियाहरूको शक्ति क्षीण हुँदै गएको, भारवहन गर्न नसकेर खुट्टा काँप्न थालेको, श्वासप्रश्वासको आधिक्यका कारण घाँटी सुकेको अनि नाम्लाको दबाबका कारण गर्धनमा पीडा भएको देखिन्छ। यस किसिमको कठोर परिश्रमको उचित मूल्य प्राप्ति हुने अवस्था भएको भए वा बोकिएको सबै सामान आफैँले उपभोग गर्न पाउने भएको भए शरीरले यी प्रतिक्रिया देखाए पनि मन खुसी नै हुन्थ्यो तर यहाँ भरियाहरूको मन खुसी छैन, रोइरहेको छ। यसले यसरी गीतमा मन रुवाइरुवाई अर्काको भारी बोक्नुपर्ने परिस्थितिमा गरिबहरू छन् भन्ने देखाइएको छ।

'झरनाको चिसो पानी' गीतमा देखिने समाजमा शोषक र शोषित गरी दुई वर्ग छन् र ती दुई वर्गका बिचको सङ्घर्ष चलिरहेको छ। गीतभित्र "पोहोर साल लडाइँ चल्यो सामन्तलाई मास्न" भन्ने कथन रहेकाले यस्तो सङ्घर्ष शोषक वर्गलाई निमिट्यान्न पार्ने तहसम्म पुगेको देखिन्छ भने गीतले चित्रण गरेको समाज ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादले भनेझैँ सामन्तवादी उत्पादन सम्बन्धमा आधारित रहेछ भन्ने बुझिन्छ। यसैको क्रमिकतामा "के गऱ्यो नेता मिली भएन हामीलाई बस्न" भन्ने पङ्क्ति आएकाले त्यस सङ्घर्षमा शोषित वर्गले विजय हासिल गर्न सकेको देखिँदैन अनि नेतृत्व नै सामन्त वर्गको चक्रव्यूहमा फसेर शोषित वर्गको मुक्तिका सवालमा अवरोधक बन्न पुगेको छ। गीतका अन्तराहरू पछि स्थायीका रूपमा दोहोरिइरहने '

झरनाको चिसो पानी' भन्ने पदावलीलाई निरन्तर क्रान्तिको प्रतीकका रूपमा हेर्दा विगतमा असफल बनेको त्यो क्रान्तिको रापताप सुकेर नजाने अनि त्यो वर्गसङ्घर्ष रोकेर नरोकिने बरु फेरि घनीभूत ढङ्गले अगाडि बढ्ने विश्वास पनि गीतमा अभिव्यक्त भएको देख्न सकिन्छ। यसरी हेर्दा 'झरनाको चिसो पानी' गीतमा वर्गीय विभेदले थिल्थिलिएको अनि त्यसका विरुद्ध सङ्घर्षशील बनिरहेको नेपाली समाजको वस्तुगत यथार्थलाई प्रतिबिम्बित गरिएको छ।

'झरनाको चिसो पानी' गीतमा पुरानो पुस्ता मात्र नभई नयाँ पुस्ता समेत आर्थिक उत्पीडनको सिकार बनिसकेको देखिन्छ। झरनाको पानीमा रहेको निरन्तरताजस्तै यो पीडामय स्थिति पनि पुरानो पुस्ताबाट नयाँ पुस्तातिर सङ्क्रमित भइरहेको छ। गीतमा रहेका "वारि छ माइला दाइ पुछ्दै पसिना/पारि छन् माइली भाउजू खेद्दै मसिना" जस्ता पङ्क्तिले भुन्टे आफ्ना बाबुलाई पछ्याउँदै हिँडेको अनि आमाले उसलाई दुःखको उकालोतिर खेदिरहेको देखाएका छन्। गीतमा सामन्ती शोषणव्यवस्थाले सिर्जेको यो कष्टप्रद वातावरण भोग्न नयाँ पुस्ता विवश बनेको छ।

सानै छ भुन्टे तर पिठ्युँमाथि भारी

डरै डरले तपैतपले हिँड्छ कठै बरी

झरनाको चिसो पानी

यस उद्धरणमा आफ्नै बाबुआमाको निर्देशनमा भारी बोकेर हिँडिरहेको भुन्टेको पीडामय स्थितिको चित्रण गरिएको छ। कुनै पनि बाबुआमा आफ्ना सन्तानलाई दुःख परोस् भन्ने चाहँदैनन् तर सामाजिक परिस्थिति अनुरूप सन्तानलाई जीवन जिउन सिकाउनु पनि बाबुआमाको कर्तव्य हुन जान्छ। त्यसैले यस गीतमा माइला दाइ र माइली भाउजूले भुन्टेलाई सानै उमेरबाट पीडा सहने कला एवं डरैडरले बाँच्ने सिप सिकाइरहेका छन्। यसरी 'झरनाको चिसो पानी' गीतमा सामन्तवादी उत्पादन सम्बन्धका कारणले पुरानो पुस्तासँगसँगै नयाँ पुस्ता पनि प्रताडित बनेको अवस्थालाई देखाइएको छ।

'झरनाको चिसो पानी' गीतमा राज्यसत्ता सामन्तवादी, दमनकारी र श्रमजीवी वर्गप्रति अनुदार खालको देखिन्छ। विगतमा सामन्तका विरुद्ध आन्दोलन गरिएको भए पनि नेताहरू उनै सामन्तसँग मिल्न पुगेका छन् त्यसैले राज्यसत्ता सामन्त वर्ग र नेताहरूको गठबन्धनबाट निर्माण भएको अनि जनविरोधी चरित्रको देखा पर्छ। गीतमा आएका "पोहोर साल लडाइँ चल्यो सामन्तलाई मास्न/के गऱ्यो नेता मिली भएन हामीलाई बस्न" भन्ने पङ्क्तिले सामन्तहरूले पोहोर साल नेतासँग मिलेर जनविद्रोह दबाएको देखिन्छ। त्यो राज्यसत्ता श्रमजीवी वर्गका विरुद्धमा र सामन्त वर्गको हितमा क्रियाशील छ। सामन्ती शोषणलाई वैधानिकता दिन यसले "संसारमै गरिबको छैन राज्य" भन्ने भाष्य खडा गरेर गरिबदुःखीहरूमाथि बर्बर दमन गरिरहेको भए पनि "तर पनि यो देशमा ल्याउन हामीलाई मन छ" भन्दै गीतमा त्यसका विरुद्ध आन्दोलनको सम्भावना रहिरहेको बताइएको छ। यसरी यस गीतले सामन्तवादी समाजका कुरूपताहरूको चित्रण गर्दै नेपाली समाजको यथार्थको वस्तुनिष्ठ प्रतिबिम्बन गरेको छ र त्यो वस्तुगत यथार्थ प्रगतिवादले अपेक्षा गरे अनुरूपको हुनाका साथै रचनाकारको जनवादी वैचारिकी सम्प्रेषणका निम्ति उपयुक्त पनि बनेको छ।

**'झरनाको चिसो पानी' गीतको विचार**

'झरनाको चिसो पानी' गीतमा शोषणका विरुद्ध निरन्तर सङ्घर्ष गरेपछि मात्रै गरिबदुःखीहरूको मुक्ति हुन्छ भन्ने विचार पाइन्छ। वर्गीय विभेदले थिल्थिलिएको समाजव्यवस्थाको संज्ञानात्मक सन्दर्भ प्रस्तुत गर्दै गीतमा शोषित वर्गले शोषक वर्गका विरुद्ध नभिडेसम्म दुःखको उकालो चढिरहनुपर्छ भन्ने देखाइएको छ। यसरी भिड्दा सङ्घर्षमा उतारचढावहरू आउन सक्छन्, कहिलेकाहीँ यो असफल पनि बन्न सक्छ, नेतृत्वले धोका दिन सक्छ तर पनि परिवर्तन सम्भव छ र यसका लागि शोषित वर्ग लडिरहनुपर्छ भन्ने विचार यहाँ आएको छ। समाजमा वर्गीय विभेद रहेसम्म शासक वर्ग र शासित वर्गका बिचमा द्वन्द्व रहिरहन्छ र त्यस्तो द्वन्द्वमा अन्ततः शासित वर्ग नै विजयी हुन्छ भन्ने क्रान्तिकारी आशावाद पनि यहाँ छ। संसारमा कतै पनि गरिबको राज्य छैन भनिए पनि नेपालमा गरिबको राज्य ल्याउने चाहना समेत गीतमा अभिव्यक्त भएको छ। यसरी हेर्दा यो गीत आफ्नो क्षमता अनुसारको काम र आवश्यकता अनुसारको उपभोग गर्ने वर्गविहीन, शोषणमुक्त समाजका पक्षमा उभिएको देखिन्छ।

'झरनाको चिसो पानी' गीतमा श्रमजीवी वर्ग नै सुखका असली हकदार हुन् भन्ने न्यायपूर्ण विचार पाइन्छ। सामन्तवादी उत्पादन सम्बन्धमा उत्पादक शक्तिहरू सामन्तका स्वामित्वमा रहने भएकाले मानिसहरूका बिचमा खेताला र मालिकको सम्बन्ध हुन जान्छ। यस्तो सम्बन्धले समाजमा वर्गीय विभेद ल्याउँछ र श्रमजीवी वर्ग सामन्तहरूको शोषणमा पर्छ। शोषणमा परेर कष्टकर जीवन बिताउन बाध्य बनेका तिनै मानिसहरूको पीडामय अवस्थालाई देखाएर यो गीत श्रमिक वर्गका पक्षमा दृढतापूर्वक उभिएको छ। प्रगतिवादले सर्वहारा वर्ग अर्थात् उत्पीडित वर्गको मुक्ति र प्रगतिका लागि गरिने प्रत्येक कार्य सुन्दर हुन्छ भन्ने मान्छ (ढकाल, २०८०, पृ. २४७) त्यसैले यस गीतमा पनि झरनाको पानी पिउँदै भारी खेपिरहेका खेतालाहरूको कठोर श्रमप्रति सम्मान व्यक्त गरिएको छ र उनीहरूलाई सामन्त सिध्याएर पीडामुक्त बनाउन पहल पनि गरिएको छ। यसरी प्रमुख उत्पादक शक्ति भएका कारणले मालिकले भन्दा खेतालाहरूले उत्पादनको अधिक लाभ पाउनुपर्छ भन्ने चेतनाको प्रसार गीतमा भएको छ अनि शोषणका आधारभूत संरचनाहरू नभत्काएसम्म श्रमजीवी वर्गका पीडाहरू रहिरहने भएकाले सुखका असली हकदारहरूलाई निरन्तर सङ्घर्ष गर्न यस गीतले उत्प्रेरित पनि गरेको छ।

'झरनाको चिसो पानी' गीतमा निम्न वर्गीय पक्षधरतासहितको प्रगतिवादी विचार पाइन्छ। गीतमा सामन्तवादी शोषणव्यवस्थाका कारण कष्टप्रद जीवन बाँच्न बाध्य पारिएका निम्न वर्गका पात्रहरूका मर्मस्पर्शी अवस्थालाई समेटिएको छ। श्रमजीवी वर्गको दुःखपूर्ण जीवनप्रति सहानुभूतिशील बन्दै उनीहरूको सुखका निम्ति आवाज उठाइएको छ। प्रगतिवादले सामाजिक व्यवस्थाका असङ्गतिहरूका विरुद्ध वर्गसङ्घर्षका विविध रूपहरूको चित्रण गर्ने अनि जनताबीचको एकतालाई दरिलो बनाउँदै सङ्घर्षका निम्ति उत्प्रेरित गर्ने (चापागाईँ, २०५१, पृ. ५५) भएकाले यस गीतमा पनि नेपाली समाजमा चलिरहेको वर्गसङ्घर्षको स्थितिलाई देखाएर भ्रमचेतनाका विरुद्ध क्रान्तिकारी चेतनाको प्रसार गरिएको छ। गरिबदुःखीहरूलाई वास्तविक मुक्ति पाउन सकिन्छ भन्ने कुरामा विश्वास दिलाउँदै क्रान्तिकारी आशावादको सञ्चार गरिएको छ। गीतले शोषित वर्गको सङ्घर्ष र प्रतिरोधको निरन्तरतालाई महत्त्व दिँदै वर्गीय समस्याको समाधान खोजेको छ अनि परिवर्तनको आग्रह र मुक्तिको विश्वासलाई अभिव्यक्त गरेको छ। गीतमा श्रमिक वर्गको जीवन, सङ्घर्ष र आकाङ्क्षाको

अभिव्यक्ति पाइने अनि उनीहरूकै मुक्त, स्वतन्त्र र सुखी जीवनका निम्ति रचनाकारले सचेत पहल गरेको देखिने भएकाले यो गीत प्रगतिवादी विचार भएको शक्तिशाली गीत बन्न पुगेको छ।

## निष्कर्ष

जीवन शर्माको 'झरनाको चिसो पानी' शीर्षकको गीत श्रमजीवी वर्गको कष्टपूर्ण जिन्दगीलाई विषय बनाएर सामन्तवादी समाजको वस्तुगत यथार्थलाई देखाउने शक्तिशाली गीत हो। यस गीतमा नेपालको पहाडी क्षेत्रको ग्रामीण समाजमा बाँचिरहेका भरियाहरूको यथार्थ चित्र प्रतिबिम्बित भएको छ। सामन्त वर्ग र श्रमजीवी वर्गका बिचमा चलिरहेको वर्गसङ्घर्ष नेतृत्वको अकर्मयण्यताका कारण मत्थर बन्न पुगे पनि अनि राज्यसत्ता सामन्तवादी, दमनकारी र श्रमजीवी वर्गप्रति अनुदार खालको देखिए पनि गीतमा वर्गसङ्घर्षबाटै सामन्तवाद ढल्ने र गरिबहरूको राज्य निर्माण हुने विश्वास अभिव्यक्त भएको छ। यस गीतले श्रमजीवी वर्ग नै सुखका असली हकदार हुन्, शोषणका विरुद्ध निरन्तर सङ्घर्ष गरेपछि मात्रै उनीहरूको मुक्ति सम्भव हुन्छ भन्ने प्रगतिवादी विचारलाई आफ्नो अन्तर्वस्तुभित्र संश्लेषण गर्नुका साथै साम्यवादी सपनातर्फ श्रमजीवी वर्गलाई उत्प्रेरित गरेको छ। त्यसैले यस गीतमा जीवन शर्माले प्रगतिवादी मान्यता अनुरूप गीतिविषयको चयन र तदनुकूलको वस्तुगत यथार्थको प्रतिबिम्बन मात्र गरेका छैनन्, गीतका माध्यमबाट श्रमजीवी वर्गमा क्रान्तिकारी चेतनाको प्रसार गर्दै उनीहरूलाई वर्गसङ्घर्षमा दृढतापूर्वक लाग्न र वर्गविहीन समाज निर्माणको दिशामा अघि बढ्न आह्वान गरेका छन्।

## सन्दर्भ सामग्री


गौतम, देवीप्रसाद (२०४९). *प्रगतिवाद : परम्परा र मान्यता.* काठमाडौँ : मुना गौतम।

चापागाईं, निनु (२०५१). *यथार्थवादी रचनादृष्टि र विवेचना.* काठमाडौँ : दिल वरदान महिम चापागाईं।

चापागाईं, निनु (२०६४). *मार्क्सवादी चिन्तनमा सौन्दर्य.* (दोस्रो.संस्क.) ललितपुर : साझा प्रकाशन।

ज्ञवाली, विष्णु (२०६९). *रक्तिम परिवारका गीतहरूको सङ्कथन विश्लेषण.* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा एम. फिल. तहको आंशिक प्रयोजनका लागि प्रस्तुत गरिएको अप्रकाशित शोधप्रबन्ध।

ढकाल, घनश्याम (२०८०). *मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना र अन्य रचना.* काठमाडौँ : घनश्याम ढकाल सांस्कृतिक प्रतिष्ठान।

शर्मा, जीवन (२०५७). *रक्तिमका गीतहरू.* (पाँचौँ संस्क.) काठमाडौँ : प्रगति पुस्तक सदन।

सङ्गीतश्रोता (२०६४ वैशाख १०). यसरी जन्मे सिमली छाया र झरनाको चिसो पानी, *नयाँ पत्रिका.* पृ.५ र १०-११।

सुवेदी, जीवनाथ (२०६५). *रक्तिमका गीतहरूमा अभिव्यक्त नेपाली समाजको अध्ययन.* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण क्याम्पसमा स्नातकोत्तर तहको आंशिक प्रयोजनका लागि प्रस्तुत गरिएको अप्रकाशित शोधपत्र।